१२४३/८५५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ३३१/२०७१/०७२
निर्णय नं. ८५५

घरेलु तथा साना उद्योग विकास समितिका निर्देशक विनोद कुमार कार्की ..............................१ निवेदक

विरूद्ध

कार्यकारी निर्देशक, घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौं .........१ विपक्षी

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

घरेलु तथा साना उद्योग विकास समितिका निर्देशक विनोद कुमार कार्कीले घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।०५ मा पुनरावेदन गरेको तत् पश्चात आयोगको मिति २०७२।०४।१३ को आदेश बमोजिम घरेलु तथा साना उद्योग विकास समिति, प्रधान कार्यालय, काठमाडौंलाई मिति २०७२।०४।१३ च.नं. ४९ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त घरेलु तथा साना उद्योग विकास समितिको मिति २०७२।०४।२४ च.नं १५ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराई बोधार्थ मार्फत यस आयोगलाई पनि जानकारी गराईएकोले यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७३ साल जेठ ५ गते रोज ४ शुभम् ।